आज मिति २०७६।१२।५ गते मन्त्रिपरिषद्को २०७६।९।२१ मा भएको निर्णय बमोजिम माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यूको कार्यकक्षमा माननीय अर्थ मन्त्रीज्यू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुको सम्बन्धमा बैठक बस्यो ।

**उपस्थिति:**

१. माननीय मन्त्री श्री वर्षमान पुन 'अनन्त', ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२. माननीय मन्त्री डा. युवराज खतिवडा, अर्थ मन्त्रालय
३. माननीय मन्त्री श्री लेखराज भट्ट, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
४. श्री चन्द्र कुमार घिमिरे, सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री शिशिर ढुंगाना, सचिव, अर्थ मन्त्रालय
६. श्री दिनेशकुमार घिमिरे, सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
७. श्री कुलमान घिसिङ्ग, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण
८. श्री प्रवीण राज अर्याल, सहसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**छलफल तथा निर्णयहरु:**

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण उद्योगहरुलाई प्रतिकूल प्रभाव पर्ने सम्भावनाका आधारमा सरकारबाट समेत सेवा सुविधा प्रदान गर्नु पर्ने अवस्थामा तत्कालका लागि उद्योग व्यवसायले प्राप्त गरिरहेका सेवा, सुविधालाई निर्वाध रुपमा प्रदान गरी हालको प्रतिकूलताको सामना गर्न सक्ने तुल्याउनु पर्ने सन्दर्भमा देहाय बमोजिम निर्णय गरियो:

१. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६।९।२१ को निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा) को संयोजकत्वमा रहेको समितिले अध्ययन गरिरहेको र यस सम्बन्धमा केही कानूनी विषयमा समेत स्पष्टता हुनुपर्ने देखिएकोले उक्त समितिको प्रतिवेदन प्राप्त हुन बाँकी रहेको जानकारी भयो ।

२. माननीय उप-प्रधानमन्त्रीज्यूको संयोजकत्वमा रहेको उच्चस्तरीय समितिले कोरोना भाइरसको कारण मुलुकको अर्थतन्त्र लगायत समष्टिगत पक्षमा परेको प्रभावका सम्बन्धमा विभिन्न निर्णयहरु गरी कार्यान्वयन भइरहेको र प्रकरण नं. १ बमोजिमको समितिको प्रतिवेदन समेत प्राप्त हुन बाँकी रहेको सन्दर्भमा कोरोना भाइरसको कारण समग्र उद्योग व्यवसायमा परेको प्रभावलाई समेत ध्यानमा राखी डेडिकेटेड तथा ट्रंक महसुल सम्बन्धी विवाद भएका उद्योगहरुको सम्बन्धमा थप निर्णय नहुन्जेल विद्युत लाइन नकाट्ने र उद्योगहरुलाई साविक बमोजिम नै सेवा सुचारु गराउन नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाउने ।